# लोमन्थाङ राजपत्र


लोमन्थाङ गाउँपालिका द्वारा प्रकाशित

खण्ड (६) लोमन्थाङ, मुस्ताङ, माघ २६ गते,२०७९ साल (संख्याः १


## भाग-२

**लोमन्थाङ गाउँपालिका, मुस्ताङ**

## <u>लोमन्थाङ गाउँपालिका टनेल घर निर्माण कार्यविधि, २०७९</u>

**<u>प्रस्तावनाः</u>** ग्रामिण क्षेत्रको भुगोल भएका क्षेत्रमा बेमौसमी तरकारी खेति उत्पादन गरि कृषकहरुलाई व्यवसायिक बनाउदै आर्थिक रुपमा मजबुत बनाउने उद्देश्यका साथै दिर्घकालिन रुपमा कृषकहरुलाई तरकारी खेतिबाट नाफामुलक आयआर्जन गर्ने गराउने हेतुले स्थानिय सरकार सञ्चालनऐन २०७४ को दफा ११ को उपदफा (ड) १२ बमोजिम यस कार्यविधि जारि गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१०।२६**

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम लोमन्थाङ गाउँपालिकाका भित्र प्लास्टिक टनेल घर निर्माण कार्यविधि २०७९ रहेको छ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।**

(क) गाउँपालिका भन्नाले लोमन्थाङ गाउँपालिका मुस्ताङलाई सम्झिनुपर्दछ।

(ख) कार्यपालिका नभन्नाले लोमन्थाङ गाउँ कार्यपालिकाको कार्यालय सम्झिनुपर्दछ ।

(ग) अध्यक्ष भन्नाले लोमन्थाङ गाउँपालिकाको अध्यक्ष सम्झिनुपर्दछ ।

(घ) उपाध्यक्ष भन्नाले लोमन्थाङ गाउँपालिकाको उपाध्यक्ष सम्झिनुपर्दछ ।

(ङ )प्रमुख प्रशासकीय अधिकृत भन्नाले लोमन्तङ गाउँपलिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झिनुपर्दछ ।

(च ) स्थानिय सरकार भन्नाले लोमन्थाङ गाउँपालिका वा नेपाल सरकाले तोकोएको स।थानिय तहलाई सम्झिनुपर्दछ ।

(छ) कार्यविभाजन नियमावली भन्नाले लोमन्थाङ गाउँकार्यपालिका ( कार्यविभाजन) नियमावली २०७४ सम्झिनुपर्दछ ।

(ज) प्लास्टिक ,टनेल घर निर्माण भन्नाले बमौसमी तरकारी साथै अन्य बाली खेति गर्ने प्रतिकुल; मौसमलाई अनुकुल बनाउन प्रयोग गरिने प्लास्टिक छापोलाई प्लास्टिक टनेल भनिन्छ ।

(झ) कृषक भन्नाले पालिकामा स्थायी वा अस्थायी बसोबास गर्ने सम्पुर्ण कृषकलाई सम्झिनुपर्दछ।

(ञ) कृषक समुह भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता वा सो भन्दा अधि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झिनुपर्दछ ।

(ट) कृषि भन्नाले जिवन चलाउन भुमिमा पशु तथा कृषि जन्य सफल उत्पादन गर्न गरिने क्रियालाई बुझिन्छ ।

(ठ) कृषि ईकाई भन्नाले लोमन्थाङ गाउँपालिका कृषि ईकाईलाई सम्झिनुपर्दछ ।

(ड) ईकाई प्रमुख भन्नाले लोमन्थाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय कृषि बिकास इकाई प्रमुख सम्झिनुपर्दछ ।

(ढ) अनुदान भन्नाले यस कार्यक्रम अन्तरगत वितरण गरिने प्लास्टिक ,टनेल निर्माणमा दिइने छुटलाई सम्झिनुपर्दछ ।

(ण) प्रस्तावना भन्नाले संघ, प्रदेश सरकार , स्थानिय सरकार वा अन्य विभिन्न निकायबाट आहावन भएका सुचनाहरु समेतलाई जनाउदछ ।

(त) कार्यक्रम भन्नाले अनुदानमा टनेल,प्लास्टिक घर निर्माण व्यवस्थापन सम्बन्धि विभिन्न कार्यक्रमहरु भन्ने सम्झिनुपर्दछ।

(थ) लक्षित वर्ग भन्नाले गाउँपालिका भित्रका सम्पुर्ण कृषक सम्झिनुपर्दछ ।



लोमन्थाङ गाउँपालिका

(द) साझेदारी भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्रसरकारी र निजि स्वयम किसान बिचको द्धिपक्षिय बहुपक्षिय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झिनुपर्दछ ।

(ध ) विषयगत निकाय भन्नाले लोमन्थाङ गाउँपालिका कृषि बिकास ईकाई सम्झिनुपर्दछ।

(न) लाभग्राहि भनेको कृषक सम्झिनुपर्दछ ।

**३.कार्यक्रमको उद्देश्य**

१. प्लास्टिक घर निर्माण गरि समुचित तथा न्यायोचित तरिकाले गुणस्तरिय तरकारी उत्पादन गर्नु ।

**४.प्लास्टिक टनेल निर्माण सम्बन्धि सूचना तथा आवश्यक कागजातहरु**

**क.** यस कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले स्विकृत वार्षिक कार्यक्रम टनेल, प्लास्टिक घर निर्माणका लागि सार्वजनिक रुपमा अधिकतम कृषकहरु सम्म सूचनाको पहुच पुग्ने गरि आवेदन माग ।

**ख.** यस कार्यक्रमको आवेदकका लागि माग, निवेदनको ढाचाँ, अनुसुची-१ बमोजिम रहनेछ ।

**ग.** अनुसुची-१ बमोजिम प्राप्त आवेदन अनुसार लाभग्राही छनौट गरि स्विकृत कार्यक्रम अनुसार प्लाटिक टनेल घर कृषक तथा कृषक समुहहरुलाई वितरण गरिने छ ।

**घ. आवेदनका लागि आवश्यक कागजातहरु छ ।**

अ. नागरिकताको प्रतिलिपि।

आ. जग्गा धनी लालपुर्जा प्रमाण पत्रको प्रतिलिपि वा भोगचलन गरेको निज वा जग्गावालाको मन्जुरीनामा।

इ. वडा कार्यालयको सिफारिस।

ई. निवेदन ।

**५. टनेल घर निर्माण मापदण्ड**

५.१. जमिनको अवस्था

१. टनेल घर बनाउने स्थान सम्मो उर्वर र जुनसुकै प्रकारको सिचाइ हुने ठाउँ हुनु पर्ने छ।

२. टनेल घर बनाउने स्थान घाम लाग्ने ठाउँमा हुनुपर्ने छ।

३.टनेल घर निर्माण गर्ने स्थान दलदल तथा भु-जोखिम भएको हुनु हुदैन।

**५.२.निर्माण सामाग्री**

१: जगमा र जमिनभन्दा माथिको गारो ढङ्गा र माटो तोकिए बमोजिम हुनुपर्नेछ ।

२: ढोका काठको फ्रेममा तोकिए बमोजिम राख्नुपर्ने छ।

३: टनेल घरको छाना तोकिए बमोजिमको काठको डाँडा र भाटा राखि टनेल प्लाष्टिकले छोपेको हुनुपर्ने छ।

**५.३. टनेल घरको नाप जाँच**

**१ गारोको चौडाई**

१.१ जग कम्तीमा ४५ से.मी

१.२ जमिन भन्दा माथि ३५ से.मी.

२. टनेल घरको लम्बाई चौडाई

२.१ः जग ७.१ मि. लम्बाई, ५.१ मि. चौडाई, ४५ से.मी उचाई हुनुपर्ने छ(बाहिर देखि बाहिर)

२.२ जमिन तह देखि माथि

२.२.१ लम्बाई ७ मि.

२.२.२ चौडाई ५मि.

२.२.३ः जमिन तहदेखि तल्लो चार कुनासम्म १.१मि. उचाई र बिचको चुलि गारोको उचाई १.८मि. हुनुपर्नेछ।

३. **ढोका;** ७५ से.मि चौडाई र १.५ मिटर उचाईको २ × ३ इन्च को प्रेम हुनुपर्ने छ।

४. **छाना छाउने काठ :**

४.१ मुल वलो ७.१ मिटर लामो वलियो काठको छाना धान्न सक्ने हुनुपर्ने छ

४.२ खाँवो : मुल वलोलाई अडयाउन विचमा कम्तीमा १ वटा खाँवो हुनु पर्ने छ।

४.३ डाँढ र भाटा : छानाको दायाँ र वायाँ भागमा ५०से, मि दुरी केन्द्र देखि केन्द्र सम्म ७७ वटा नघटने गरि र भाटा प्रत्येक भागमा ११ वटा उपयुक्त साईजको हुनु पर्नेछ।

५. **छाना :** १२० GSM को कम्तीमा ३० फिट × २० फिटको टनेल प्लाष्टीक प्रयोग गरि राम्रो सँग काठमा उचाई माथि बाट उपयुक्त विधिबाट समाउने गरि छाउनु पर्नेछ।

६. **टनेल घरको मापदण्ड घटवट :** माथि ग मा उल्लेख गरिएको मापडण्ड भन्दा सानो वनाउन पाईने छैन प्रविधिकको सल्लाह बमोजिम टनेल घरको लम्बाई ,चौडाई र उचाई वढाउन सकिने छ तर निमार्ण सामाग्री फरक पार्न मिल्ने छैन।

## ६. टनेल निर्माणमा अनुदान रकमको सिमा

१. गाउँपालिकाले निर्माण कार्यक्रममा स्विकृत वार्षिक कार्यक्रमको आधारमा टनेल घर निर्माणको लागि टनेल निर्माण पश्चात एकमुस्ट रु ३००००।— अक्षरूपी रू तिस हजार मात्र कृषकको खातामा अनुदान उपलब्ध गराईने छ ।

२. कृषक समुहले गाउँपालिकाका प्राविधिकहरुको रेखदेखमा तोकीए बमोजीम प्लास्टिक घर निर्माण गर्नुपर्ने छ।

३. जग्गाको आकार अनुसार तथा कृषि प्राविधिकको सिफारिस र प्रविधिको प्रयोग गरि गुणस्तरिय प्लास्टिक घर निर्माण गर्नुपर्ने छ ।

४. कृषकको प्लास्टिक घर निर्माण गरेमा गाउँपालिकाको विनियोजित बजेटमा प्राविधिक लागत अनुमानको रु ६०,००० को ५०% वा एकमुस्ट रकम रु ३०,०००।-जसमा कम आउछ सो अनुदान उपलब्ध गराईनेछ।

## ७. छनौट तथा सिफारिस समिति ;

१. प्लास्टिक घर निर्माण कार्यक्रममा लाभग्राही छनोट गर्न देहायनुसारको एक छनौट तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| लोमन्थाङ गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| सम्बन्धित विषयगत इकाई प्रमुख | सदस्य सचिव |

**२. छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार**

२.१. यस कार्यक्रमको कृषक छनौट गरी गाउँकार्यपालिकाको कार्यलयमा पेश गर्ने ।

२.२. एक कृषक परिवारले १ वटा भन्दावढी टनेल घर निर्माणको लागि यस कार्यक्रममा समावेश गरिने छैन।

**८.निर्माण कार्यको सम्झौता तथा ब्यवस्थापन**

**८.१** छनौट तथा सिफारिस समितिको सिफारिसको आधारमा कृषकसंग प्रत्येक छनौट भएको कृषकले तोकिएको समय समय सिमा भित्र अनुसुची २ बमोजिम सम्झौता गर्नु पर्नेछ।

**८.२** सम्झौता पश्चात निर्माण कार्यका लागि सम्पूर्ण निर्माण सामग्री तथा कामदारको व्यवस्था स्वयं कृषकलेनै गर्नुपर्ने छ ।

**८.३** कार्यालयले तोके बमोजिम बिल भर्पाई कृषकले गाउंपालिकामा पेश गर्नुपर्नेछ ।

**८.४** निर्माण कार्य पस्चात प्राविधिकले अनुसुचि ३ बमिजिमको फिल्ड नाप जांच प्रतिवेदन तथा अनुगमन समितिको सिफारिसमा भुक्तानी गरिनेछ।

**९. अनुगमन समिति**

९.१. यस प्लास्टिक घर निर्माण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि देहाय बमोजिमको एक अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| सम्बन्धित विषयगत इकाई प्रमुख | सदस्य सचिव |

९.२. अनुगमन समितिका काम कर्तव्य र अधिकार

१.प्लास्टिक घर निर्माण पश्चात त्यसको अनुगमन गर्ने

२.अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारिता पहुँच तथा समस्याको पहिचान र समाधान सहित सम्बन्धित निकायमा सुझावसहित पेश गर्ने ।

३.कार्यविधिको लक्ष्य तथा उद्देस्य अनुरुप काम भएको वा नभएको प्रभावकारिता मुल्याङकन गरि आवश्यक कार्यक्रम तर्जुमा तथा नीति तय गरि गाउँ कार्यपालिकामा पेश गर्ने।

**१०. यस कार्यक्रमको लक्षित वर्ग**

**१०.१.** यस कार्यक्रममा लामो समयदेखि व्यावसायिक बेमौसमी तरकारी खेति गर्दै आएका कृषक वा कृषक।

**१०.२.** आर्थिक रुपमा कमजोर कृषकहरु दलित, एकल महिला, अपाङ्गता भएका कृषक वा कृषक समूह।

**१०.३.** वातावरणीय दृष्टिमा पानीको स्रोत कम भएको क्षेत्रमा तरकारी खेति गर्ने कृषक वा कृषक समूह।

**११. अभिलेख तथा प्रगति प्रतिवेदन**

**११.१.**यस कार्यक्रम कार्यविधिले निर्धारित गरेका सम्पुर्ण नियमानुसारका कागजपत्रहरुको व्यावस्थापन गर्ने कार्य सम्बन्धित विषयगत शाखाले गर्नु पर्नेछ।

**१२ः बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउ परे गाउँकार्पालिकाले निर्णय  गरि फुकाउन सक्नेछ ।

**१३. परिमार्जन तथा संशोधन** ; यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा सशोंधन गर्न सक्नेछ ।

लोमन्थाङ गाउँपालिका

अनुसुची १
लोमन्थाङ गाउँपालिका
प्लास्टिक घर निर्माण कार्यविधि २०७९
संग सम्बन्धित
प्लास्टिक घर निर्माणको लागि आवेदनको ढाचाँ

मितिः

श्रीमान शाखा प्रमुख ज्यु ,
कृषि बिकास शाखा
लोमन्थाङ गाउँपालिका
लोमन्थाङ, मुस्ताङ

विषयः प्लास्टिक घर निर्माण माग सम्बन्धमा ।

प्रस्तुत विषयमा यस लोमन्थाङ गाउँपालिका वडा नं ...... निवासि .........................................को छोरा/ छोरी ....................................ले लोमन्थाङ गाउँपालिका कृषि बिकास शाखाको कार्यक्रम अनुसार ५० प्रतिशत /रु ३०,०००।० अनुदानमा वितरण हुने प्लास्टिक घर निर्माणको लागि मेरो लोमन्थाङ गाँउपालीका वडा नं ....... मा रहेको कित्ता नं ......... को जग्गामा गाउँपालीकाको कार्यविधि अनुसार प्लास्टिक टनेल घर निर्माण गर्न लागेको तथा मैले अन्यत्र कतै वाट उक्त अनुदान प्राप्त नगरेको हुनाले उक्त कार्यक्रमको लागि छनौट हुन पाउँ भनि यो निवेदन पेश गर्दछु ।

निवेदक
नामः
ठेगाना
सम्पर्क न.

लोमन्थाङ गाउँपालिका

## अनुसुचि-२
## टनेल घर निर्माण
## अनुदान सम्झौता पत्र

**लाभग्राही क्रम संख्याः...............**

टनेल घर निर्माणका लागि यस लोमन्थाङ गाउँपालिका कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र ...................जिल्ला …..………...............गा.पा वडा नं…………. गाउँ टोल….……. बस्ने श्री................….…….. को नाती/नातीनी/बुहारी श्री....................................को छोरा/छोरी / श्रीमती वर्ष.........को लाभग्राही श्री.................................. (यस पछि दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही पालिकाले तोकेको मापदण्ड बमोजिम टनेल घर निर्माण गराउन मिति २०८० साल............महिना........... गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौ।

**दोस्रो पक्ष लाभग्राहीले मञ्जुर गरेका शर्तहरुः**

(१) म / मेरो परिवारका लागि टनेल घर निर्माण गर्नका निम्ती मेरो परिवारको नाममा उपयुक्त र पर्याप्त घडेरी जग्गा छ।

(२) मैले निर्माण गर्ने टनेल घर अनुदान वितरण कार्यविधि, २०७९ एवं यस सम्झौता पत्रमा उल्लेखित शर्त, मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउने छु।

(३) निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी तथा अन्य निर्माण कार्य गर्ने कर्मचारी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ।

(४) मैले प्राप्त गर्ने टनेल घर निर्माण अनुदान रकम टनेल घर निर्माणका लागि मात्र खर्च गर्नेछु।

(५) मेरो टनेल घर निर्माणका निम्ती उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा अन्य श्रोत जुटाई निर्माण कार्य सम्पन्न गर्नेछु।

(६) मैले निर्माणका लागि तोकिएको बैंकमा खोलिएको खातामार्फत मात्र तिस हजार रुपैंया निर्माण पश्चात् बिल भरपई भईसकेपछि मात्र प्राप्त गर्नेछु।

(७) मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम निर्माण सम्पन्न गरेको कुरा प्राविधिकबाट प्रमाणित भए पछि मात्र भुक्तानि पाऊनेछु।

(८) घरको निर्माण कार्य तोकिएको गुणस्तर मापदण्ड र प्रविधि अनुरुप नभएमा मा आफै जिम्मेवार हुन मञ्जुरी छ।

(९) उल्लेखित व्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुला बुझाउला।

**प्रथम पक्ष(स्थानिय तह) ले मन्जुरी गरेको शर्तहरुः**

(१) प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा तोकिए अनुसारको टनेल घर निर्माण अनुदान सरकारको तर्फबाट बैँक मार्फत उपलब्ध गराईने छ।

**प्रथम पक्ष (लाभग्राही)**

**क) लाभग्राहीको व्यक्तिगत विवरण**

लाभग्राहीको नाम, थर

...........................................................

नागरिकतामा उल्लिखित ठेगाना

जारी जिल्ला......................... गा.पा./न.पा.........................वडा न..........

ना.प्र.न. ..................जारी जिल्ला.....................जारी मिति........../………/……….

| दाँया | बाँया |
|---|---|
| | |

म लाभग्राहि व्यक्तिको औठा छाप

म

लाभग्राहि व्यक्तिको हस्ताक्षर ...................................

मिति............/……../………

**ख) बैंक खाता विवरण (तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने)**

बैंक खाता नं.

खाता वालाको नाम, थर .........................................................

बैंकको नाम ............................................................

शाखा ........................................................

**ग) टनेल घर निर्माण हुने जग्गाको विवरण :**

कित्ता नं................ क्षेत्रफल........................

ठेगानाः जिल्ला...................गा.पा/न.पा................वडा नः.................

**प्रथम पक्ष(स्थानिय तह)** **कार्यालयको छाप**

**कार्यालयाको नामः** लोमन्थाङ गाँउपालिका **ठेगाना;**लोमन्थाङ,०५

**आधिकार प्राप्त पदाधिकारीको नाम :**

**पद :**

**हस्ताक्षर : ..........................................**

**मिति :**

**नामः**

**पद : प्रमुख प्रशासकीय अधिकृत**

**हस्ताक्षरः.........................**

**मितिः**

लोमन्थाङ गाँउपालिका

**अनुसूची-३**
**निरिक्षण फारम**
**टनेल घर निर्माणको लागि अन्तीम प्राबिधिक निरिक्षणको लागि**

**मितिः**

**घर धनिको नाम, थरः**

**क्र. सः**

| सि. नं. | वर्ग | विवरण | | न्युनतम मापदन्ड पालना गरिएको | | टिप्पणी |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | |
| १ | निर्माण स्थलको छनोट<br>निम्न स्थान बाट टाढा हुनुपर्नेछ | भौगभिक चिरा नपरेको ठाउँ | | | | |
| | | भिरालो क्षत्र >२०% | | | | |
| | | पहिरो जान सक्ने क्षत्र | | | | |
| | | नदीको बगर वा सिमसार ठाँउ | | | | |
| | | ढुङ्गा झर्ने ठाँउ | | | | |
| | | तरलिकरण हुनसक्ने ठाँउ | | | | |
| | | माटो भरिएको वा पुरुवा माटो भएको स्थान | | | | |
| २ | टनेल घरको आकार(लम्बाइ र चौडाई) | लम्बाइ ७.१मि. चौडाई ५.१मि. | | | | |
| ३ | निर्माण सामाग्री | ढुङ्गा | सजिलैसँग टुक्रिने,नरम,हलुका र गोलो किसिमको ढुङ्गा | | | |
| | | मसला | माटो मसला जैविक सामाग्री,फोहोर र गिट्टि बाट मुक्त | | | |
| | | काठ | भार सहनसक्ने काडा | | | |
| ४ | जग | एकैनासको गारो वाला जगको खाडल | | | | |
| | | जमिन मुनिको गहिराइ | ४५ से.मि | | | |
| | | जगको चौडाइ | ४५ से.मि | | | |
| ५ | गारो | गारोको सल | गारोहरुको घन्टी मिलाएर सिधा ठाडो हुने गरी लगाइएको | | | |
| | | मोटाइ | ३५ से.मि | | | |
| | | चुली गारो | १.८ मि.(जमिन देखि) | | | |
| | | तल्लो चारकुना सम्मको उचाइ | १.१ मि.( जमिन देखि) | | | |
| ६ | छाना | सामाग्री | १२०जि.एस.एम प्लाष्टिक | | | |
| | | जोडाइ | एकआपसमा र गारो सँग उपयुक्त तरिकाले बाँधेको | | | |
| | | काठ | ७.१मि. लामो बलियो मुल बलो र मुल बालो अड्याउन बिचमा एउटा खाँबो भएको | | | |
| ७ | ढोका | चौडाई | ७५ से.मि | | | |
| | | उचाई | १.५से.मि | | | |

**अन्यः**

क) टनेल घरको चारतिरबाट खिचिएको फोटो नं.हरु......................

ख) देखिएका प्राबिधिक विवरणहरुको विश्लेषण गरी भुक्तानी दिनु उपयुक्त देखिन्छ? ☐ देखिन्छ ☐ देखिदैन

.................. ........................ ...............

घरधनि
नाम, थरः
मितिः

सुपरीवेक्षक
नाम,थरः
पदः
मितिः

सुपरीवेक्षण
नाम,थरः
पदः
मितिः

**आज्ञाले**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकीय अधिकृत**